पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे
सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ६६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत ७ गते बिहीबार ❑ 20 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## 'नागरिकका असन्तुष्टि र बेचैनीको समाधान कांग्रेसले गर्छ'

पोखरापत्र संवाददाता
तनहुँ, ६ चैत

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नागरिकमा उत्पन्न असन्तुष्टि र बेचैनीको समाधान कांग्रेसले गर्ने बताउनुभएको छ।

नेपाली कांग्रेस प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति क्षेत्र नं १ तनहुँद्वारा बुधबार दमौलीमा आयोजित दोस्रो क्षेत्रीय सम्मेलनमा महामन्त्री थापाले आमनागरिकलाई समस्या परेका बेला समाधानको नेतृत्व गर्दै आएको बताउनुभयो।

उहाँले भन्नुभयो, "आमनागरिकको असन्तुष्टि र बेचैनीको आगो निभाउने काम गर्छ। जुनसुकै पार्टीसम्बद्ध किन नहोस् आमनागरिकको समस्या समाधान गर्ने जिम्मेवारी सबैभन्दा ठूलो पार्टीको हो, यसका लागि हामी प्रतिबद्ध छौं।" पार्टीले भ्रष्टाचार गरेको आरोप लगाउने गरिएकामा पार्टी सम्बद्ध व्यक्तिले भ्रष्टाचार गर्नसक्ने तर कुनै पनि सङ्गठनले गर्न नसक्ने उहाँको भनाइ छ। "सार्वजनिक जिम्मेवारीमा रहेका व्यक्तिले भ्रष्टाचार गरेको पाइएमा उ दण्डनीय हुन्छ र सजाय भोग्नुपर्छ," महामन्त्री थापाले भन्नुभयो। नेपाली कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईले जनताको असन्तुष्टि मेटाउने काम गर्न केन्द्रबाटै लाग्न आवश्यक रहेको बताउनुभयो। केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले पार्टीमा गुटबन्दीको विषय मुख्य बनेकाले सबै जिम्मेवार हुनुपर्ने बताउनुभयो।



## एसइईको सम्पूर्ण तयारी पूरा, निर्धक्क भएर परीक्षा दिन आग्रह

रासस
काठमाडौं, ६ चैत

बिहीबार बिहान ८ बजेदेखि देशभरका दुई हजार ७९ परीक्षा केन्द्रबाट एकैसाथ सुरु हुने यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) को सम्पूर्ण तयारी पूरा भएको छ।

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले परीक्षाको अन्तिम तयारी पूरा भएकाले ढुक्क र निर्धक्क भएर परीक्षामा सहभागी हुन विद्यार्थीहरुलाई आग्रह गरेको छ। परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले भोलि चैत ७ गतेदेखि देशभर एकैसाथ सुरु हुने एसइई परीक्षाको सबै तयारी पूरा भएको जानकारी दिँदै भन्नुभयो, "परीक्षाको सम्पूर्ण तयारी पूरा गरेका छौं, सबै जिल्लाबाट परीक्षाको तयारी पूरा भएको र कुनै पनि केन्द्रमा कुनै समस्या नभएको जानकारी आएको छ। त्यसैले सबै परीक्षार्थीले भोलि बिहान ८ बजेदेखि आफ्नो परीक्षा केन्द्रमा पुगेर निर्धक्क भएर परीक्षा दिन सबैमा आह्वान गर्दछु।"

बोर्डले एसइई परीक्षाका लागि आवश्यक प्रश्नपत्र, सिम्बोल नम्बर, उत्तरपुस्तिका र अन्य सामग्री प्रत्येक जिल्लामा यसअघि नै पुऱ्याइसकेको छ। उहाँले यस वर्षको एसइई परीक्षामा पाँच लाख १४ हजार ७१ जनाले परीक्षा दिने जानकारी दिनुभयो। गत वर्ष २०८० को एसइई परीक्षामा चार लाख ६४ हजार सात सय ८५ जना विद्यार्थी सहभागी भएका थिए। यस वर्षको परीक्षामा विद्यार्थीको सङ्ख्या ४९ हजार दुई सय ८६ जना बढेको छ। नियन्त्रक पौडेलले प्रत्येक परीक्षा केन्द्रमा सुरक्षा व्यवस्थालाई मजबुत बनाएको बताउँदै उहाँले देशभर परीक्षा शान्तिपूर्ण रुपमा सम्पन्न गर्न गराउन सरोकारवाला सबैमा आह्वान गर्नुभयो।

परीक्षामा एक सय ५० जनासम्म परीक्षार्थी भएको केन्द्रमा एक जना सहायक केन्द्राध्यक्ष हुने छन् भने २० जना विद्यार्थी बराबर एक जना निरीक्षक खटिने भएका छन्। परीक्षामा ७५ जनाभन्दा कम परीक्षार्थी भएको केन्द्रमा सहायक केन्द्राध्यक्ष नराख्ने भएको छ।

यस वर्षको परीक्षामा जापानको एक परीक्षा केन्द्रमा २९ जना विद्यार्थीले एसइई परीक्षा दिने र काठमाडौंको केन्द्रीय कारागार र दैलेखका दुई कारागार तथा भक्तपुरको बालसुधार गृहबाट पनि विद्यार्थीलाई परीक्षा दिने व्यवस्था गरिएको जानकारी दिनुभयो। यस वर्षको एसइईमा कीर्तिपुरस्थित सफलता एचआइभी शिक्षा सदनबाट पनि विद्यार्थी सहभागी हुने भएका छन् भने यहाँबाट चार जना एचआइभी सङ्क्रमित विद्यार्थीले एसइई परीक्षा दिने भएका छन्। यस वर्ष सबैभन्दा बढी काठमाडौंमा ३९ हजार छ सय विद्यार्थी र सबैभन्दा कम मनाङमा ४३ जनाले परीक्षा दिने भएका छन्।

यस वर्षको एसइई चैत ७ गतेदेखि सुरु भएर १९ गते सम्पन्न हुने भएको छ। परीक्षा बिहान ८ बजेदेखि बिहान ११ बजेसम्म सञ्चालन हुनेछ। परीक्षा तालिकानुसार पहिलो दिन चैत ७ गते अनिवार्य अङ्ग्रेजी विषय, सोही दिन संस्कृत वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत र मदरसातर्फ अनिवार्य अरबी भाषाको परीक्षा हुनेछ। चैत ८ गते अनिवार्य

बाँकी अन्तिम पृष्ठमा ▶▶

## चीनको सिचुवान प्रान्तका व्यवसायी र पोउवा संघका प्रतिनिधिबीच भेटघाट

पोखरापत्र संवाददाता
पोखरा, ६ चैत

चीनको सिचुवान प्रान्तबाट आएका उद्योगी/व्यवसायी तथा पोखरा उद्योग वाणिज्य संघका पदाधिकारीबीच व्यावसायिक सहकार्यको सहमति जुटेको छ।

पोखरा भ्रमणमा रहेको प्रतिनिधिमण्डलसँगको छलफलपछि सो सहमति जुटेको संघका अध्यक्ष गोकर्ण कार्कीले जानकारी दिए। सिचुवान चीनको छैटौं ठूलो अर्थतन्त्र भएको प्रान्त हो। मदिरा,बाँसका उत्पादनका निम्ति यो प्रान्त प्रसिद्ध छ। यसका अलावा पछिल्लो समय यो प्रान्तले विद्युतीय गाडी र सामग्री उत्पादन पनि उत्तिकै बढाएको छ। चिनियाँ प्रतिनिधिमण्डलमा विदेशबाट सिचुवान फर्किकाहरुको संगठन (सिचुवान प्रोभिन्सीयल रिटर्न्ड ओभरसिज चाइनीज फेडरेसन ) का महासचिव सु यान्माइ,सोही संस्थाका अधिकृत जी जुन्चेङ,लुजुका अध्यक्ष जियाङ याङ्कीयाङ,महासचिव उ जोङ्वाइन निर्माता लुजु लाजियो ग्रुप अफ कम्पनीका उपाध्यक्ष यायो सिन्जियान र लुजु लाजियो ग्रुप अफ इन्भेष्टभेण्टका अध्यक्ष वाङ गङ रहेका थिए।




प्रतिनिधिमण्डलको स्वागत गर्दै संघका अध्यक्ष गोकर्ण कार्कीले विश्वका दुई ठूला जनसंख्या भएका भारत र चीनजस्ता दुई देशको व्यापारिक सम्बन्ध बिस्तारका निम्ति पुलको काम गर्न आफूहरु तयार रहेको बताए। उनले नेपाल र चीनबीच भएका सम्झौता अनुरुप जडिबुटी, भैंसीको मासु, माछा र अमिला फलफूल,हस्तकलाका सामाग्रीहरु निर्यात गर्न नेपाली व्यवसायी तत्पर रहेको पनि बताए। उनले पोखराको पूर्वाधार निर्माणमा चीन सरकारको सहयोगप्रति आभार प्रकट गर्दै चीन सरकारले चालु अंग्रेजी वर्षलाई नेपाल भ्रमण वर्षको रुपमा मनाउने घोषणाको पनि मुक्तकण्ठले प्रशंसा गरे। 'पोखराको पर्यटनसहित अन्य उद्योगहरुमा लगानी बढाउन, हामीसँग सहकार्य गर्न पनि यहाँहरुलाई आह्वान गर्दछौं,'उनले भने,'नेपाल लगानीको लागि उपयुक्त र छिटो नाफा आर्जन गर्न सकिने देश भएको पनि हामी यहाँहरुलाई विश्वास दिलाउन चाहन्छौं। म यहाँहरुलाई मिलेर उद्योग/व्यवसाय गर्न र सँगै हिंड्न आग्रह गर्दछु।'प्रत्युत्तरमा बोल्दै विदेशबाट सिचुवान फर्किकाहरुको संगठन (सिचुवान प्रोभिन्सीयल रिटर्न्ड ओभरसिज चाइनीज फेडरेसन) का महासचिव सु यान्माइले सिचुवानको राजधानी छेन्दुबाट पोखराको सिधा उडानले पोखराको प्रवर्द्धन हुने विश्वास व्यक्त गरिन्। उनले पोखरा सुन्दर रहेको बताउँदै सिधा उडानका निम्ति गरिएका प्रयासहरुको पनि स्मरण गरिन्।

दक्षिण एसिया विश्वकै ठूलो बजार हो। हामी त्यो बजार चाहन्छौं। नेपाल र पोखरामा कस्ता उद्योगहरुमा लगानी गर्न सकिन्छ, यहाँ के सामग्री पठाउन सकिन्छ भन्नेबारे हामी यहाँहरुसँग सहकार्य गर्छौं,'उनले भनिन्,पोखरा-छिन्दु सिधा उडानले अन्य देशका पर्यटनहरु पोखरा हुँदै चीन पुग्ने बाटो खुलेको छ। हामी पर्यटन क्षेत्रमा पनि सहकार्य गर्नेछौं।'

कार्यक्रममा पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष पोमनारायण श्रेष्ठसहित पोउवा संघकाउपाध्यक्षद्वयदीनेशबास्तोला, बलराम आचार्य, महासचिव शोभा गौतम,कोषाध्यक्ष मनोजकुमार श्रेष्ठ,उपमहासचिव सुदीप प्रधानाङ्गलगायतको उपस्थिति रहेको थियो।

## विज्ञान, प्रविधि र नवप्रवर्तन प्रगति र समृद्धिका मुख्य चालक हुन्: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, ६ चैत

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले विज्ञान, प्रविधि र नवप्रवर्तन मुलुकको प्रगति र समृद्धिका मुख्य चालक रहेको बताउनुभएको छ।



पोखरा विश्वविद्यालय अनुसन्धान केन्द्रको आयोजना तथा गण्डकी प्रदेश विज्ञान र प्रविधि एकेडेमीको सहकार्यमा पोखरामा सुरु विज्ञान, प्रविधि र नवप्रवर्तनमा हालका प्रवृत्तिहरू सम्बन्धी सम्मेलन (आरटीएसटीआई २०२५) मा प्रदेश प्रमुख भट्टले गण्डकी प्रदेश र नेपालभर विज्ञान र नवप्रवर्तनको प्रगतिका लागि यस्ता सम्मेलन उपयोगी रहेको बताउनुभयो। गण्डकी प्रदेशले दीगो, ज्ञानमूलक अर्थतन्त्रको परिकल्पना गरेकोमा यस्ता संस्थाहरूले अनुसन्धान, शिक्षा र नीति सिफारिसहरूमा अग्रणी भूमिका खेल्ने बताउँदै भट्टले पोखरा विश्वविद्यालयले कुशल अनुसन्धानकर्ता र प्राविधिकहरू तयार पार्दै नेपालको सामाजिक-आर्थिक विकासमा महत्वपूर्ण योगदान दिएको उल्लेख गर्नुभयो। 'सन् २०२२ मा सुरु भएदेखि नै आरटीएसटीआईले वैज्ञानिक, अनुसन्धानकर्ता, शिक्षक, नीति निर्माता र उद्यमीहरूलाई एकठाउँ गरी नेपालमा विज्ञान, प्रविधि र नवप्रवर्तनको भविष्य आकार दिन महत्वपूर्ण भूमिका खेलेको छ।' उहाँले भन्नुभयो - 'सम्मेलनका पूर्व संस्करणहरूको प्रभावकारिताले यसको बढ्दो महत्वलाई देखाउँछ। यस वर्ष पोखरा विश्वविद्यालयको नेतृत्वमा विकास र अनुसन्धान उत्कृष्टता प्रवर्द्धन गर्न चालिएको यो कदम पनि लाभदायक हुने विश्वास व्यक्त गर्दछु।' गण्डकी प्रदेश विज्ञान र प्रविधि एकेडेमीले सन् २०२० मा स्थापना भएदेखि नै वैज्ञानिक अनुसन्धान, प्रविधिगत प्रगति र नवप्रवर्तनलाई प्रवर्धन गर्न महत्वपूर्ण भूमिका खेलेको उहाँको भनाई छ।

'हामी प्रविधिगत परिवर्तन र विश्वव्यापी चुनौतीहरूको माझमा उभिएका छौं। यस चुनौतीको सामना गर्दै अघि बढ्न समयानुकूल अनुसन्धान, नवप्रवर्तन र नीतिगत हस्तक्षेपहरू साथैसाथै अगाडि लैजानुपर्ने हुन्छ।'- प्रदेश प्रमुख भट्टले भन्नुभयो। यस्ता सम्मेलन वैज्ञानिक प्रगतिहरू छलफल गर्ने मञ्च मात्र होइन, बरु एसटीआई अनुकूल शासन, उद्योग सहकार्य र उद्यमशीलतालाई समर्थन गर्ने नीतिहरूलाई आकार दिने अवसर पनि रहेको भट्टले बताए। सबै मिलेर अनुसन्धानलाई वास्तविक जीवनमा प्रभाव पार्ने, नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने र गण्डकी प्रदेशलाई विज्ञान र प्रविधिको क्षेत्रमा नेतृत्व गर्ने केन्द्र बनाउने प्रयासमा हातेमालो गर्दै अघि बढ्न पनि उहाँले आह्वान गर्नुभयो।

तीन दिने सम्मेलनमा नेपाल र अन्य देशहरूबाट २ सय भन्दा बढी अनुसन्धानकर्ता, विशेषज्ञ र विद्यार्थीहरूको सहभागिता रहेको आयोजकले जनाएको छ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नवौं पोखरा स्पोर्टस् अवार्डको तयारी सुरु, १२ विभिन्न उपसमिति गठन

**पोखरापत्र संवाददाता**
पोखरा, ६ चैत

नवौं संस्करणको 'पोखरा स्पोर्टस्'अवार्ड २०८१' को तयारीमा तीव्रता दिइएको छ।

आगामी बैशाख २० गते हुने तय भएको अवार्ड कार्यक्रमको तयारी स्वरुप बुधबार आयोजक खेलकुद पत्रकार मञ्च गण्डकीमा आवद्ध सदस्यहरुको बृहत भेला आयोजना गरिएको हो।

पोखरा रंगशाला स्थित जिल्ला खेलकुद विकास समिति कास्कीको सभाहलमा आयोजित भेलाका सहभागीले अवार्ड कार्यक्रमलाई व्यवस्थित बनाउँदै ब्राण्डको रुपमा स्थापित गराउँनुपर्नेमा सहभागिहरुले जोड दिएका छन् । सोही भेलाले मञ्चका अध्यक्ष एमबि आस्था संयोजक र राजाराम पौडेल सहसंयोजक रहेको मुल आयोजक समिति तथा विभिन्न १२ वटा उपसमितिका संयोजक समेत




चयन गरेको छ। जसमा आर्थिक संकलन उपसमिति संयोजकमा बिमल तिवारी, प्रचार-प्रसार उपसमिति संयोजकमा राजु गिरी, अन्तर्राष्ट्रिय समन्वय उपसमिति संयोजक दीननाथ बराल, संघसंस्था समन्वय उपसमिति संयोजक कृष्ण दवाडी, स्वयंसेवक परिचालन उपसमिति संयोजक प्रविन मगर, साँस्कृतिक कार्यक्रम उपसमिति संयोजक राजाराम पौडेल, स्वागत सत्कार उपसमिति संयोजक एकराज गिरी, फोटो तथा भिडियोग्राफी उपसमिति बसन्त सेर्पा, क्विक रेस्पोन्स उपसमिति संयोजकमा शशीकुमार पौडेल, मञ्च व्यवस्थापन उपसमिति संयोजकमा सन्देश श्रेष्ठ, चिठीपत्र तथा निमन्त्रणा उपसमिति संयोजकमा कविता घर्ती मगर, मुल्यांकन तथा अनुगमन उपसमिति संयोजकमा रामकृष्ण ज्ञावाली रहेका मञ्चका महासचिव परशुराम आचार्य शर्माले जानकारी दिए । उपसमितिमा आवश्यकताको आधारमा सदस्य थप गर्ने अधिकार संयोजकलाई दिइएको मञ्चका अध्यक्ष एमबि आस्थाले जानकारी दिए। यसरी थप गरिएको सदस्यको बारेमा उपसमिति संयोजकले मुल आयोजक समितिको संयोजक अथवा मञ्चको कार्यसमितिलाई जानकारी गराउनुपर्नेछ । प्रतिभा छनोट समिति र उत्कृष्ट खेल पत्रकार छनोट समिति पछि चयन गर्ने मञ्चले जनाएको छ। अवार्ड कार्यक्रम मार्फत वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिनेछ । खेलाडी तथा खेल क्षेत्रमा क्रियाशिललाई उर्जा थप्न मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्टस् अवार्ड गर्दै आएको छ।

# पोखरामा पहिलोपटक 'वाडा अटो शो'

**पोखरापत्र संवाददाता**
पोखरा, ६ चैत

पर्यटकीय राजधानी पोखरामा यही चैत १४ देखि १७ गतेसम्म 'वाडा अटो शो' आयोजना हुने भएको छ।

नाडा अटोमोबाइल्स एशोसियसन अफ नेपालको प्रस्तुतिमा पश्चिमाञ्चल अटोमोबाइल्स डिलर्स एशोसियसन (वाडा)ले पहिलोपटक पोखरामा उक्त अटो प्रदर्शनी आयोजना गर्न लागेको हो। पोखरा महानगरपालिका-१२ स्थित अमरसिँह खेलकुद मैदानमा हुने प्रदर्शनीमा १९ वटा ब्राण्डका चार पाङ्ग्रे, छ वटा ब्राण्डका लाइट कमर्सियल, सात वटा ब्राण्डका दुई पाङ्ग्रेलगायत लुब्रिकेन्ट, टायर, ग्यारेज उपकरण, पाटपूर्जा आदिका २० वटा व्यावसायिक स्टल रहने बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । वाडाका उपाध्यक्ष एवं अटो शोका




संयोजक निरन केसीले उक्त शो आयोजनाका लागि करिब रु ६० लाख खर्च हुने बताउनुभयो । सवारीसाधनको खरिदबिक्री सँगै यस क्षेत्रमा भइरहेको प्रविधिको विकासबारे सवारीधनी, ग्राहक एवं सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको उहाँको भनाइ छ । "अर्थतन्त्र शिथिल भएको अहिलेको अवस्थामा केही मात्रामा भएपनि आर्थिक गतिविधि चलायमान बनाउन यो प्रदर्शनीले मद्दत पुग्ने हाम्रो विश्वास छ", उहाँले भन्नुभयो, "नाडाको अटो शो पहिलोपटक काठमाडौं बाहिर हुन लागिरहेको छ।" गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिका प्रदर्शनीको प्रवर्द्धकका रुपमा रहेको छ। चार दिनको सो प्रदर्शनी करिब ३५ हजार आगन्तुकले अवलोकन गर्ने अनुमान गरिएको वाडाले जनाएको छ।

# पोखरा महानगर प्रमुख र सिछुवानका पर्यटन तथा संस्कृति विभाग प्रमुखबीच भेट

**रासस**
काठमाडौं, ६ चैत

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य र चीनको सिछुवान प्रान्तका पर्यटन तथा संस्कृति विभाग प्रमुख वाङ यानबीच आज भेटवार्ता भएको छ।

मङ्गलबार पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट चीनको सिछुवान प्रान्तको छन्दुमा पहिलो व्यावसायिक चार्टर्ड उडानपछि महानगरप्रमुख आचार्य र विभाग प्रमुख लिनबीच भएको भेटमा पोखराबाट छन्दुको नियमित उडान एवं पर्यटकीय साझेदारीलाई लक्षित गरी छलफल भएको महानगरपालिकाको कार्यालयले जनाएको छ। प्रमुख आचार्यले पोखरा प्रकृति, संस्कृति र साहसिक पर्यटनको आकर्षक गन्तव्य भएको लिनलाई जानकारी दिनुभएको थियो । अघिलो वर्ष पोखरालाईपर्यटनराजधानीघोषणा गरिएको र पोखरामा निर्मित पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडान सञ्चालन गर्ने निरन्तरको प्रयासस्वरुप पहिलो व्यावसायिक चार्टर्ड उडान गरिएको प्रमुख आचार्यले बताउनुभयो । उडानलाई निरन्तरता दिन आग्रह गर्दै उहाँले महानगरका तर्फबाट निरन्तर सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो । चीनले सन् २०२५ लाई नेपाल भ्रमण वर्ष घोषणा गर्नुका साथै पोखरा भ्रमण वर्ष पनि घोषणा भएको उल्लेख गर्दै उहाँले धेरैभन्दा धेरै चिनियाँ पर्यटकलाई पोखरासहित नेपालको भ्रमण गर्न विभाग प्रमुख लिनसँग आग्रह गर्नुभयो ।

विभाग प्रमुख लिनले दुवै देशका भू-भाग हिमालको काखमा रहेका र यहाँका मौसम पनि मिल्दोजुल्दो भएको बताउनुभएको थियो। छन्दु-पोखरा उडानलाई सफल बनाउनुपर्नेमा जोड दिँदै उहाँले यसका लागि पर्यटक लक्षित योजना तयार गर्न महानगरलाई सुझाव दिनुभयो । छन्दुमा यही मे महिनामा पर्यटन व्यवसायीको सम्मेलन हुन लागेको जानकारी गराउँदै उक्त सम्मेलनमा सहभागी भई लाभान्वित हुन लिनले आग्रह गर्नुभयो। छन्दुका लागि नेपालका महावाणिज्यदूत सुरेश राउतले सन् २०२१ देखि छन्दुमा महावाणिज्य दूतावास स्थापना भएको जनाउँदै आर्थिक कूटनीतिको महत्वपूर्ण पाटो पर्यटन पनि रहेको बताउनुभयो । पोखरा पर्यटकीय रूपमा सुन्दर गन्तव्यका साथै आतिथ्यताका दृष्टिबाट अब्बल भएको बताउँदै उहाँको चीनबाट धेरै पर्यटक पठाउन आवश्यक समन्वय गर्ने उल्लेख गर्नुभयो।

# बेनी-जोमसोम-कोरला खण्डमा ८५ प्रतिशत काम सम्पन्न

**रासस**
मुस्ताङ, ६ चैत

उत्तर-दक्षिण व्यापारिक मार्ग विस्तारित आयोजनाअन्तर्गत कालिगण्डकी करिडोरको बेनी-जोमसोम-कोरला खण्डमा हालसम्म ८५ प्रतिशत काम सकिएको छ । चालु आर्थिक वर्षमा थपिएका नौ वटा आयोजनाबाहेक उक्त खण्डको समग्र भौतिक प्रगति ८५ प्रतिशत पुगेको हो।

बेनी-जोमसोम-कोरला सडक आयोजनाका सूचना अधिकारी विष्णु चापागाईंका अनुसार सडक स्तरोन्नतितर्फ ८५ प्रतिशत र पुलपुलेसातर्फ ८४ प्रतिशत भौतिक प्रगति भइसकेको छ । उत्तरी कोरलानाका जोड्ने राष्ट्रिय गौरवको उक्त आयोजन आर्थिक वर्ष २०७३/७४ देखि निर्माण सुरु भएको उहाँले उल्लेख गर्नुभयो। आयोजनाअन्तर्गत सञ्चालनमा रहेका सडक कालोपत्रतर्फ सानाठूला गरी सात र सडक ग्राभेलतर्फ छ वटा सडक निर्माण सम्पन्न भएको आयोजनाका सूचना अधिकारी चापागाईंले जानकारी दिनुभयो । उहाँका अनुसार सडक कालोपत्रतर्फ म्याग्दीको बेनी कालीपुल, बेनी गलेश्वर, तातोपानीबाट कैकु, कैकुबाट कोवाङ, जोमसोम कागबेनी खण्ड गरी सात चरणमा सडक कालोपत्र तथा स्तरोन्नति सम्पन्न भइसकेको छ। ग्राभेलतर्फ जोमसोम-कोरलासम्म छ चरणमा काम सम्पन्न भएको बताउँदै चराङ-छोसेर २५ किलोमिटर ग्राभेलको काम अन्तिम चरणमा पुगेको सूचना अधिकारी चापागाईंले



जानकारी दिनुभयो । उहाँका अनुसार कोरला राजमार्गतर्फ एक सय पाँच किमी सडकको ठेक्का सम्झौता भएकामा ७५ किमी कालोपत्र सम्पन्न भएको छ। यसैगरी जोमसोम-कोरला एक सय १० किमीमध्ये ९० किमीमा सडकमा ग्राभेल सम्पन्न भएको आयोजना कार्यालयले जनाएको छ। यस खण्डमा १९ पुलपुलेसामध्ये १४ वटा सम्पन्न भइसकेका छन् भने बाँकी निर्माणाधीन अवस्थामा रहेका आयोजना कार्यालयका सूचना अधिकारी चापागाईंले जानकारी दिनुभयो। निर्माण सम्पन्न भएका १४ पुलमध्ये नौ मुस्ताङ खण्डमा र पाँच वटा म्याग्दी खण्डमा बनेका आयोजना कार्यालयले जनाएको छ । मुस्ताङको थासाङ गाउँपालिका-३ लेतेको सेतु खोलामा निर्माणाधीन पुल अन्तिम चरणमा रहेको बताउँदै उहाँले हालसम्म ८० प्रतिशत भौतिक प्रगति भइसकेको उल्लेख गर्नुभयो । उत्तर-दक्षिण जोड्ने कोरला सडक आयोजनाका लागि चालु आवमा थप नौ वटा आयोजन थपिएका आयोजनाका सूचना अधिकारी चापागाईंले बताउनुभयो । उहाँका अनुसार चालु आवमा थप भएका नयाँ आयोजनामध्ये चार वटा पुलपुलेसासम्बन्धी ठेक्का सम्झौता भई निर्माण अघि बढेको छ। यसअघि मुस्ताङको कैकु खोला पुल र लार्जुङ खोलामा पुल निर्माणको ठेक्का सम्झौता रद्द गरिएको थियो । निर्माण कम्पनीको ढिलासुस्तीका कारण आयोजनाले ठेक्का सहमति रद्द गरेको जनाएको छ।

# बैँसीसहरमा अब बाह्रैमहिना शुद्ध खानेपानी

**रासस**
काठमाडौं, ६ चैत

खानेपानीमन्त्री प्रदीप यादवले बैँसीसहरमा खानेपानी समस्या समाधान भएको बताउनुभएको छ।

बुधबार यहाँस्थित सहलगानी खानेपानी तथा सरसफाइ आयोजनाको उद्घाटन तथा हस्तान्तरण समारोहलाई सम्बोधन गर्दै मन्त्री यादवले अब बाह्रैमहिना स्वच्छ खानेपानी उपलब्ध हुने बताउनुभयो।

नेपाल सरकारको नीति नागरिकलाई सुरक्षित, दिगो र भरपर्दो खानेपानी सेवा उपलब्ध गराउनु भएकाले देशका दुर्गम क्षेत्रसहित लमजुङका नागरिकको खानेपानी समस्या सधैँका लागि समाधान गर्न सरकार पूर्ण प्रतिबद्ध रहेको




बताउनुभयो । "देशका हिमाल, पहाड, तराईसहित विभिन्न दुर्गम क्षेत्रका नागरिकको खानेपानीको समस्या सधैँका लागि समाधान गर्न सरकार पूर्णरुपमा प्रतिबद्ध छ," मन्त्री यादवले भन्नुभयो।

भावी योजनाअन्तर्गत बैँसीसहर क्षेत्रको खानेपानी सेवा विस्तार गर्न रु १० करोडको नयाँ परियोजना अघि बढाउन नेपाल सरकार प्रतिबद्ध रहेको तथा जलवायु परिवर्तन तथा दिगो खानेपानी व्यवस्थापनका लागि रु १७ करोडको थप योजना स्वीकृत प्रक्रिया अगाडि बढाइएको उहाँले जानकारी दिनुभयो । उद्घाटन गरिएको आयोजनाले बैँसीसहर नगरपालिका-६ देखि १० सम्मका करिब ४५ हजार जनसङ्ख्या तथा तीन हजार ३०० घरधुरी प्रत्यक्ष लाभान्वित हुने जनाइएको छ। सार्वजनिक निजी साझेदारी मोडेलमा सञ्चालित सो आयोजनामा सरकारको ७० प्रतिशत र उपभोक्ता समितिको ३० प्रतिशत योगदान रहेको छ। कूल लागत रु २८ करोड ८३ लाख रहेकोमा सरकारको रु २० करोड २८ लाख र उपभोक्ता समितिको रु आठ करोड ६४ लाख लगानी छ । उक्त कार्यक्रममा गण्डकी प्रदेशका वन तथा वातावरणमन्त्री भेषबहादुर पौडेल, खानेपानी मन्त्रालयका सचिव ई प्रमिलादेवी शाक्य बज्राचार्य, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक ई रामकुमार श्रेष्ठलगायतको सहभागिता थियो।

# एसइई ...

नेपाली विषय, गैरनेपाली विद्यार्थीहरूका लागि अङ्ग्रेजी (इलेक्टिभ इङ्लिस)को परीक्षा हुनेछ । चैत १० गते अनिवार्य गणित र चैत १२ गते अनिवार्य विज्ञान तथा प्रविधि एवं संस्कृततर्फ शुक्लयजुर्वेद, सामवेद, अथर्ववेद, नीतिशास्त्रलगायत विषयको परीक्षा हुनेछ। १३ गते अनिवार्य सामाजिक, १४ गते ऐच्छिक प्रथम, १५ गते ऐच्छिक द्वितीयको परीक्षा सञ्चालन हुनेछ।

बोर्डले यस वर्ष असार ७ गतेभित्र परीक्षाको नतिजा सार्वजनिक गर्ने भएको छ भने न्यूनतम ३५ अङ्कभन्दा कम ल्याउने परीक्षार्थी अनुत्तीर्ण हुनेछन्। लेटर ग्रेडिङ प्रणालीमै यस वर्ष पनि परीक्षाको नतिजा सार्वजनिक गर्ने तयारी गरिएको छ । परीक्षाको नतिजामा उत्तीर्ण दरमा ७० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ। विसं २०८० को एसइईमा ४८ प्रतिशत मात्रै विद्यार्थी उत्तीर्ण भएका थिए।

यसै गरी प्रधानमन्त्री केपी शर्मा ओलीले माध्यामिक शिक्षा परीक्षा (एसइई) धैर्यताका साथ राम्रो तयारीका साथ दिन विद्यार्थीलाई आग्रह गर्नुभएको छ।

बुधबार साँझ प्रधानमन्त्री ओलीले भिडियो सन्देश जारी गरी बिहीबारदेखि सञ्चालन हुने एसइई परीक्षामा सहभागी हुने विद्यार्थीलाई धैर्यताका साथ नआत्तिकन, राम्रो तयारी गरेर दिन आग्रह गर्नुभएको हो। "विद्यार्थी भाइबहिनीहरू यही चैत ७ गतेदेखि एसइईको परीक्षा सुरू हुँदैछ । तपाईंहरू त्यसैको तयारीमा जुट्नुभएकोछ",प्रधानमन्त्री ओलीले सन्देशमा भन्नुभएको छ, "त्यसकारण तपाईंहरूसँग खेर फाल्ने समय छैन । राम्रो अङ्क प्राप्त गरेर सफलतापूर्वक उत्तीर्ण हुनुहोस्। मेरो धेरै धेरै शुभकामना छ।" प्रधानमन्त्रीले विद्यार्थीलाई अनिँदो, थकित अवस्थामा राम्रो परीक्षा दिन गाऱ्हो हुने भएकाले त्यसबाट जोगिनसमेत आग्रह गर्नुभएको छ। उहाँले विद्यार्थीले धेरै परीक्षा उत्तीर्ण गरेर यहाँ आइसकेको भन्दै परीक्षासँग नतर्सिनु पनि आग्रह गर्नुभएको छ। "पहिले पहिले एसएसलीलाई फलामे ढोका भन्थ्ये। त्यो शब्दले पनि विद्यार्थीमा अलिकति त्रास पैदा हुन्थ्यो । तपाईंहरू परीक्षासँग नतर्सिनुहोस्," प्रधानमन्त्रीले भन्नुभएको छ, "परीक्षा जीवनका कदमकदम मोडमोडमा आइरहने चीज हो। धेरै परीक्षा उत्तीर्ण गरेर तपाइहरू यहाँ आइसक्नुभएको छ।" प्रधानमन्त्री ओलीले अघिल्ला वर्ष एसइईको नतिजा त्यति राम्रो नभएको भन्दै यसपटक आफूले विद्यार्थीसँग राम्रो नतिजाको अपेक्षा गरेको समेत बताउनुभएको छ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनाबारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# सगरमाथा संवादको तयारी

आउँदो जेठ २ गतेदेखि देखि ४ गतेसम्म नेपालले आयोजना गर्ने 'सगरमाथा संवाद' निर्देशक समितिको पहिलो बैठक प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा सम्पन्न भएको छ । बैठकमा संवादको व्यवस्थापन, विदेशका राष्ट्र तथा सरकार प्रमुखसहित अतिथिलाई निमन्त्रणा, विज्ञहरुको सहभागिता, सद्भावना दूतको नियुक्ति र निजी क्षेत्रसँगको सहकार्यलगायत विषयमा छलफल भएको थियो । परराष्ट्रमन्त्री डा आरजु राणा देउवा भारत भ्रमणमा छिन।भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसंग भेट्न समय पाएकी छैनन् । दिल्लीमा बसेर विभित्र देशका मन्त्रीलाई भेट्ने काम भएको छ।भारतीय प्रधानमन्त्री मोदीको सहभागिता हुन्छ या हुँदैन धेरै प्रश्न अनुत्तरित हुन्छन् । प्रधानमन्त्री ओलीले सबै क्षेत्रको सहयोग र सहभागितामा संवादलाई विशेष बनाउन आग्रह गरेका छन । उनले संवादको तयारी हरेक हिसाबले त्रुटिहीन हुनुपर्ने देखाएको गम्भीरता हो ।

सगरमाथा संवाद सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थापना भइरहेको छ । सचिवालय स्थापनासँगै संवाद निर्देशक समितिको अध्यक्षतामा प्रधानमन्त्री ओली र परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाको अध्यक्षता र वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीको सहअध्यक्षतामा व्यवस्थापन समिति गठन भएका छन् । संवादमा सहभागी हुन छिमेकी भारत, चीनसहित विभिन्न मुलुकका राष्ट्राध्यक्ष र सरकार प्रमुखलाई विशेष अतिथिका रूपमा आमन्त्रण गरिएको छ । सरकारले पहिलो पटक जलवायु परिवर्तन, हिमाल र मानव जीवनको भविष्यलाई केन्द्रमा राखेर संवाद आयोजना गर्न लागेको हो । प्रधानमन्त्री ओलीले यो कार्यक्रम गत माघ ८ गते अन्तरराष्ट्रिय हिमनदी वर्षका अवसरमा घोषणा गरेका हुन ।

पाँच वर्षअघि नै तत्कालीन सरकारको नेतृत्व गरेका प्रधानमन्त्री केपी शर्मा ओलीले सगरमाथा संवाद आयोजना गर्न तयारी थालेका थिए। विश्वव्यापी रूपमा आएको कोभिड-१९ ले संसारलाई प्रभावित पार्दा नेपालले आयोजना गर्न लागेको सगरमाथा संवाद पनि सम्भव भएन । वर्तमान सरकारको नेतृत्वमा आएसँगै प्रधानमन्त्री ओलीले यो महत्त्वपूर्ण कार्यक्रमलाई फेरि कार्यरूपमा ल्याएका छन । सगरमाथा संवादको पहिलो संस्करण हिमाल संरक्षणमा केन्द्रित हुने छ । हुन पनि नेपाललाई जलवायुजन्य पीडाबाट मुक्त गराउन विश्वव्यापी प्रयास जरुरी छ । भूगोलले नेपालीमा सर्वोच्च शिखरसँगै महत्त्वपूर्ण हिमशृखला दिए पनि हिमाल र हिउँ साझा सम्पत्ति हुन्, जोगाउनु जरुरी छ ।

संवादमा सहभागी हुन ४५० जना विदेशी पाहुनालाई निम्तो गरिएको छ । संवाद आयोजनाका लागि एक करोड रुपियाँ बजेट विनियोजन गरी तयार अगाडि बढाइएको छ । हिमाली मुलुक नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुद्दामा बहस गरी विश्वको ध्यानाकृष्ट गर्ने यो उपयुक्त अवधारणा हो । यो अवधारणाले सगरमाथा संवाद नवीन अन्तर्राष्ट्रिय मञ्चका रूपमा समेत विकास हुन सक्ने सम्भावना देखिन्छ । सगरमाथा संवाद नेपाल सरकारको कार्यक्रम भएकाले सम्पूर्ण नेपाली जनताको सहयोगले यो सफल हुने छ । आयोजकका रूपमा सरकारका तीन निकाय प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालय र वन तथा वातावरण मन्त्रालयले यसको समन्वय गरिरहेका छन् । तयारीका क्रममा सूचना प्रविधिको अधिकतम उपयोग गरी सचिवालयलाई चुस्त बनाइएको छ । सगरमाथा संवादले हरित ऊर्जा प्रवर्धनलाई प्राथमिकता दिने छ । नेपालमा हरित ऊर्जाको मूल स्रोत जलविद्युत्मा धेरै सम्भावना हुँदाहुँदै त्यसबाट अपेक्षित लाभ लिन सकिएको छैन । जलविद्युत् लाभका निम्ति समेत यो अनुपम मञ्च बन्न सक्छ । जलवायु परिवर्तनका असरले नेपालले हानि नोक्सानी बेहोरेको कुरा विश्व समुदायलाई जानकारी गराउनु पनि छ ।

नवीन प्रविधि, विश्व जलवायु जोखिम साझेदारीलगायतका विषयमा यो मञ्च उपयोगी हुन सक्ने छ । सरकारले एक करोड विनियोजन गरी आरम्भ गरेको तयारीमा सकभर निजी क्षेत्रका साथै अन्तर्राष्ट्रिय विकास साझेदारलाई पनि सहभागी गराउन सक्दा सरकारलाई ठुलो वित्तीय दायित्व नपर्न सक्छ । तयारीका क्रममा त्यसतर्फ समेत ध्यान दिनु उचित देखिन्छ । यस पटक 'जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य' नामक मुख्य विषय भए पनि संवादमा लभगभ एक दर्जन सत्रले आयामिक विषय उठान गर्न सक्ने छन् । हिमाललाई सागरसम्म जोड्न सक्ने बौद्धिक बहसले समकालीन विश्वव्यापी मुद्दालाई सम्बोधन गर्न सक्ने छ । निष्कर्षमा सगरमाथा संवाद नेपालले गौरव गर्ने कार्यक्रम बन्न जरुरी छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : कार्यमा सफलता |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जीप दुर्घटनामा एक जनाको मृत्यु, तीन घाइते

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ चैत

पश्चिम म्याग्दीको मालिका गाउँपालिकामा जीप दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । तीन जना घाइते भएका छन् ।

सुङ्ग्रेपानीबाट मालिका-४, चिउरीबोटतर्फ जाँदै गरेको ग१ज ५६१२ नम्बरको जीप सडकबाट ५० मिटर तल खस्दा चिउरीबोटका ३१ वर्षीय नगेन्द्र रसाइलीको घटनास्थलमा नै मृत्यु भएको प्रहरी नायब उपरीक्षक भरत श्रेष्ठले जानकारी दिनुभयो ।

जीपमा चालकसहित ५ जना सवार रहेका थिए । घाइते भएका ओखरबोटका ३३ वर्षीय शेरबहादुर विक, चिउरीबोटका ३१ वर्षीय नगेन्द्र गोतामे र २२ वर्षीय भीमप्रसाद गोतामेको दरबाङ आधारभूत अस्पतालमा उपचार भइरहेको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार चालकको लापरवाहीका कारण दुर्घटना भएको हो । घटनास्थलमा इलाका प्रहरी कार्यालय दरबाङको टोली पुगेको छ ।

# यातायात कार्यालयलाई पाँच रोपनी जग्गा दान

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ चैत

बन्दीपुर गाउँपालिका-१ रिमाल्नीमा यातायात व्यवस्था कार्यालय स्थापनाका लागि एक परिवारले पाँच रोपनी जग्गा दान गरेका छन् ।

स्थानीय कृष्णराज अधिकारी र राधा अधिकारीको परिवारले यातायात व्यवस्था कार्यालयको भवन निर्माणका लागि पृथ्वी राजमार्ग नजिकैको करिब रु तीन करोड मूल्य पर्ने जग्गा दान गर्नुभएको हो । मङ्गलबार जिल्ला मालपोत कार्यालय, तनहुँमा अधिकारी परिवारले यातायात व्यवस्था कार्यालय डुम्रेका प्रमुख गोपाल ओलीलाई लालपुर्जा हस्तान्तरण गर्नुभयो । यसअघि पनि अधिकारी दम्पतीले बन्दीपुर गाउँपालिका-१ को कार्यालय भवन निर्माणका लागि आठ आना जग्गा दान गर्नुभएको थियो । "जग्गा दान गर्न पाउँदा निकै खुसी लागेको छ, गाउँ र समाजको सेवाका लागि काम गर्न पाउँदा हर्षित छु", कृष्णराज अधिकारीले भन्नुभयो ।

जग्गा यातायात कार्यालयलाई दिएकामा खुशी व्यक्त गर्दै बन्दीपुर गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले उहाँलाई सम्मान गरिने बताउनुभयो । कार्यालय स्थापनाका लागि जग्गा उपलब्ध भइसकेको र भवन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरी मन्त्रालयसँग बजेट माग गरिने जिल्ला मालपोत कार्यालयका प्रमुख ओलीले बताउनुभयो ।

# पर्वतमा एक सय ३३ उद्योगको दर्ता खारेज

**रासस**
पर्वत, ६ चैत

मुलुकमा देखिएको आर्थिक मन्दीको प्रभाव, बढ्दो पलायनदरलगायत प्रभाव पर्वतका उद्योग व्यवसामा प्रत्यक्ष रूपमा परेको छ । पर्वतमा चालु आर्थिक वर्षको पहिलो छ महिनामा एक सय ३३ उद्योगको दर्ता खारेज गरिएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा दुई सय ३६ उद्योग बन्द भएकामा चालु आवको छ महिनामा ती उद्योगको दर्ता खारेज गरिएको पर्यटन तथा उद्योग कार्यालयले जनाएको छ । कार्यालयमा यस वर्ष दर्ता भएका उद्योग व्यवसायको तुलनामा बन्द हुने उद्योग व्यवसायको सङ्ख्या उल्लेख्य छ ।

चालु आवमा कार्यालयमा ९९ उद्योग दर्ता भएका छन् । जसमध्ये ४९ उद्योग र ५० वटा वाणिज्य फर्म दर्ता भएको कार्यालय प्रमुख पोषनाथ शर्माले जानकारी दिनुभयो । खारेज हुनेमा ६४ उद्योग र ६९ वाणिज्य फर्म छन् । दैनिकजसो उद्योग दर्ता गर्नेभन्दा बन्द गर्न आउने सेवाग्राहीको सङ्ख्या बढ्दै गएको उहाँले बताउनुभयो ।

त्यसैगरी, आव २०८०/८१ को अन्त्यमा तीन हजार चार सय १३ उद्योग रहेकामा अहिले घटेर तीन हजार तीन सय ९० पुगेका छन् भने तीन हजार दुई सय ४७ वाणिज्य फर्म कायम रहेकामा अहिले तीन हजार एक सय ३५ उद्योग रहेको कार्यालय प्रमुख शर्माले बताउनुभयो । छ महिनामा एक सय ३५ वटा उद्योग व्यवसायको सङ्ख्या कम भएको हो । मुलुकमा देखिएको आर्थिक मन्दी, युवा शक्तिको बढ्दो पलायन, आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्नु, बजार अभावलगायत कारण उद्योग विस्थापित हुने क्रम बढेको कार्यालय प्रमुख शर्माले बताउनुभयो । उद्योग व्यवसाय छाडेर विदेश जान थालेपछि बजार क्षेत्रका २० प्रतिशत सटर खाली भएको उद्योग वाणिज्य सङ्घका अध्यक्ष ठाकुरबी पौडेलले बताउनुभयो । व्यापार व्यवसायमा परेको मन्दीले उद्योगी, व्यवसायी पलायन हुने क्रम बढेको उहाँको भनाइ छ । लाखौं रुपैयाँ लगानी गरेर उद्योग व्यवसाय सञ्चालन गरे पनि पर्याप्त आम्दानी हुन नसकेपछि उद्योग तथा व्यवसायी नै विस्थापित हुनुपरेको उहाँको भनाइ छ । कोरोना सङ्क्रमणपछि दर्ता हुने उद्योगको तुलनामा खारेज हुने क्रम उल्लेख्य मात्रामा छन् । सरकारबाट बेरोजगारी समस्यालाई समधानका लागि उद्योग व्यवसायीलाई प्रोत्साहन कार्यक्रम आउन थालेपछि उद्योग दर्ता प्रक्रिया बढ्दै गएको भए पनि सोही अनुपातमा बन्द गर्ने क्रम पनि नरोकिएको अध्यक्ष पौडेलले बताउनुभयो । कृषि, पशुपक्षी फार्म, फलफूलखेती, गाईपालन, भैँसीपालन, होमस्टे, व्यावसायिक बाख्रापालनलगायत अन्य घरेलु उत्पादनका उद्योग दर्ता गर्ने बढ्दै गएको छ । वैदेशिक रोजगारीमा जाने विद्यार्थीका लागि स्वदेशमा नै उद्यम गरेको प्रमाण देखाउनुपर्ने भएकाले पनि उद्योग दर्ता बढेको हुनसक्ने बताइएको छ । वाणिज्य फर्मतर्फ भने दर्ताको सङ्ख्यासँगै फर्म बन्दको सङ्ख्य पनि उच्च छ ।

कतिपय देशमा बैंक मौज्दात ग्यारेण्टी देखाउनुपर्ने र उक्त मौज्दात देखाउँदा फर्म वा कम्पनीको नाममा देखाउनुपर्दछ । यसका लागि पर्यटन तथा उद्योग कार्यालय वा स्थानीय तहमा फर्म वा उद्योग दर्ता भएको प्रमाणपत्र आवश्यक पर्नेहरूले दर्ता गरे पनि व्यावसायिक दृष्टिकोणले गर्नेहरू न्यून रहेको देखिएको छ । पछिल्लो समय उद्योग व्यवसाय दर्ता प्रक्रिया पर्यटन तथा उद्योग कार्यालयसँगै स्थानीय तहबाट पनि हुन थालेको छ । दुवै निकायबाट उद्योग दर्ता हुने गरेपछि व्यवसायीहरू कहाँबाट दर्ता गर्ने भन्ने विषयमा अलमल पर्न थालेका छन् ।

पर्यटन तथा उद्योग कार्यालयले चालु आवमा रु २८ लाख ६६ हजार राजस्व सङ्कलन गरेको छ । कार्यालयमार्फत यस वर्ष ४२ पर्यटन पूर्वाधारका योजना निर्माण भइरहेका छन् । अहिलेसम्म ३६ वटा योजना सम्झौता भइसकेको र छवटा सम्झौता हुन बाँकी रहेको कार्यालयले जनाएको छ ।

# सागसब्जी खेतीबाट वार्षिक सात लाख आम्दानी गरिरहेका हिराबहादुर

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ चैत

जिल्लाको भिमाद नगरपालिका-९ पाइमीका हिराबहादुर थापा २९ वर्षदेखि सागसब्जी खेतीमा आवद्ध हुनुहुन्छ । विसं २०५२ मा थानकोटबाट सागसब्जी खेती सुरु गर्नुभएका थापाले पछिल्लो समय आफ्नै गाउँ फर्किएर खेती विस्तार गर्नुभएको हो ।

विगतमा अन्यत्र खेती गर्दा जग्गा भाडा लिनुपर्ने बाध्यता रहेको बताउँदै थापाले अहिले आफ्नै सात रोपनी जग्गामा खेती गरिरहेको जानकारी दिनुभयो । गाउँको जग्गा बाँझो भएका यहाँ आएर सागसब्जी खेतीलाई निरन्तरता दिएको उहाँले बताउनुभयो । थापाले भन्नुभयो, "अन्यत्र अर्काको जग्गा भाडामा लिएर खेती गर्दा गुजारा मात्रै चल्ने आम्दानी हुन्थ्यो ।

गाउँ फर्किएर बाँझो रहेका आफ्नै जमिनमा खेती गरिरहेको छु, अहिले आम्दानीसँगै बचत पनि भइरहेकाले सन्तुष्ट छु ।" सुरुमा थानकोटमा जग्गा भाडामा लिएर सागसब्जी खेती



सुरु गरेको भन्दै उहाँले त्यहाँ गोलभैँडा उत्पादन नभएपछि गाउँ फर्किएको अनुभव सुनाउनुभयो ।

उहाँले भन्नुभयो, "खैरेनीटारमा गोलभैँडा उत्पादन भएन । जग्गाको भाडा तिर्ने खर्च पनि जुटाउन गाह्रो भएपछि माटोको परीक्षण र अनुसन्धान गरेँ । त्यहाँको माटो उपयुक्त नरहेको पाएपछि २०७९ सालमा गाउँ फर्किएँ ।" अहिले वार्षिक रु सात लाखभन्दा बढी आम्दानी हुने गरेको थापाले जानकारी दिनुभयो । उत्पादित सागसब्जी बिक्रीका लागि बजारको समस्या नरहेको भन्दै उहाँले सिँचाइ अभाव भएकाले ४० हजार लिटरको पोखरी बनाएर प्रयोग गरिरहेको बताउनुभयो ।

दुई वटा टनेलबाट सुरु गरेको सागसब्जी खेतीलाई विस्तार गर्दै अहिले ११ वटा टनेल बनाएको थापाले बताउनुभयो । यहाँ बोडी, सिमी, काँक्रो, भिन्डी, फर्सी, लौका, अकबरे, गोलभैँडा, करेला उत्पादन भइरहेका छन् । उहाँले भन्नुभयो, "सागसब्जी कहाँ बिक्री गर्ने भन्ने समस्या छैन । दुलेगौँडा, खैरेनीटार, भिमादलगायत स्थानीयस्तरमा खपत भइरहेको छ ।"


**HIMALAYAN LIFE**

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं २५९७९

## हकदावी सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क्र.सं. | बीमालेख | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI0610003760 | विनादेवी अधिकारी | पोखरा-१७, कास्की |
| २ | GLI0610003997 | नगेन्द्रराज अधिकारी | पोखरा-१७, कास्की |
| ३ | PLI161000696 | रामेश्वर अर्याल | वालिङ-११,स्याङजा |

## कर्मचारी आवश्यकता

यस सहकारी संस्थाको लागि रिक्त रहेको बजार प्रतिनिधि पदका लागि तपसिल बमोजिमको योग्यता भएका व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।-

पद : बजार प्रतिनिधि
आवश्यक संस्था : १ (एक) जना
उमेर : १८ बर्ष पुरा गरी ४५ वर्ष ननाघेको

आवश्यक न्युनतम योग्यताः व्यवस्थापन संकायमा ं२ उर्तिण वा सो सरह, सहकारी वा वित्तिय क्षेत्रमा कार्य गरेको, चालक अनुमति पत्र प्राप्त भएको, (साधन भएकालाई विशेष प्राथमिकता) बजार व्यवस्थापन सम्बन्धी ज्ञान भएको, कम्प्युटर सम्बन्धि राम्रो ज्ञान भएको ।

आवश्यक कागजातहरूः हस्तलिखित निवेदन, व्यक्तिगत विवरण, नागरिकता, शैक्षिक योग्यताको प्रमाण पत्र, कम्प्युटर सम्बन्धि तालिमको प्रमाणपत्र, पासपोर्ट साइजको फोटो २ थान सवारी चालक अनुमति पत्रको प्रतिलिपि ।

दरखास्त दिने स्थानः संस्थाको कार्यालय पोखरा-९, (पृथ्वीचोक)
पेश गर्ने अन्तिम मितिः २०८१/१२/१४ गते कार्यालय समय सम्म
छनौटको किसिमः लिखित प्रयोगात्मक र अन्तर्वार्ता
पारिश्रमिकः संस्थाको नियम अनुसार

सम्पर्क
**पबित्र बचत तथा ऋण सहकारी संस्था लिं.**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २७ रिठ्ठेपानी राईजिङ स्टार क्लवमा भलिवल ग्राउण्ड मर्मत सम्भार गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः रिठ्ठेपानी राईजिङ स्टार क्लवमा भलिवल ग्राउण्ड मर्मत सम्भार
ठेगानाः पोखरा-२७, रिठ्ठेपानी
योजना सम्झौता मितिः २०८१/०८/१३ गते
योजना शुरु मितिः २०८१/०८/१४ गते
योजना सम्पन्न हुने मितिः २०८१/१२/३० गते
योजना सम्पन्न भएको मितिः २०८१/१२/०५ गते
योजनाको कुल लागतः रु.११,७७,०००।-
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु.१,७७,०००।-
अध्यक्षः याम प्रसाद गुरुङ सम्पर्क नं.: ९८०६५०५५१५
निर्माण समिति सदस्य संख्याः ७
अनुगमन समिति संयोजक : जितेन्द्र बहादुर क्षेत्री

**राइजिङ्ग स्टार क्लबमा भलिबल ग्राउण्ड मर्मत सम्भार उपभोक्ता समिति पोखरा-२७, रिठ्ठेपानी**

# पाँच करोड ५० लाख लगानीमा प्रशिक्षण केन्द्र सञ्चालन

**पोखरापत्र संवाददाता**
बागलुङ, ६ चैत



बागलुङमा रु पाँच करोड ५० लाख लगानीमा प्रशिक्षण केन्द्र सञ्चालनमा ल्याइएको छ । चार जना भुतपूर्व बेलायती र दुई जना सिङ्गापुरे लाहुरेसहित छ जनाले संयुक्त लगानी गरेर प्रशिक्षण केन्द्र सञ्चालनमा ल्याउनुभएको हो ।

उहाँहरुले बागलुङ नगरपालिका-४ स्थित डाँडाखेतमा बेलायती र सिङ्गापुरको सेनामा भर्ती हुन चाहने युवाका लागि सुविधा सम्पन्न छात्रावाससहितको प्रशिक्षण केन्द्र सञ्चालनमा ल्याएका छन् । प्रशिक्षण केन्द्रमा सन् २०२६ को भर्तीका लागि तालिम लिन चाहने युवाहरुलाई भर्ना गर्न सुरु गरिएको प्रशिक्षण केन्द्रका सचिव जङ्गबहादुर पुनले जानकारी दिनुभयो । बागलुङ, म्याग्दी र पर्वतका युवाहरु बेलायत र सिङ्गापुरको लाहुरेमा भर्ती हुनका लागि पोखरा, बुटवललगायतका स्थानमा पुगेर तालिम लिनुपर्ने बाध्यता रहेको भन्दै उनीहरुलाई नजिकै सेवा दिने उद्देश्यले तालिम केन्द्र सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो । जैमिनी नगरपालिका-३ दमेकका बेलायती सेनाका भुतपूर्व लाहुरे पुनले तीन वर्ष पहिलेबाट प्रशिक्षण केन्द्र निर्माण सुरु गरेको जानकारी दिनुभयो । डाँडाखेतमा ६ रोपनी जग्गा खरिद गरी निर्माण सुरु गरिएको तालिम केन्द्रमा एक सयजना युवाहरुलाई एक साथ राखेर तालिम प्रदान गर्न सकिने पुनको भनाइ छ । उहाँले भन्नुभयो, "बागलुङ, म्याग्दी र पर्व क्षेत्रका धेरै युवाहरु लाहुरे बन्न बढी चासो देखाउँछन्, यस क्षेत्रका कुनै पनि प्रशिक्षण केन्द्र नहुँदा अहिले हामीहरुले सञ्चालनमा ल्याएका हौँ, हालसम्म तालिम केन्द्रमा साढे पाँच करोड रुपैयाँ लगानी भइसकेको छ ।" अठार वर्षदेखि २१ वर्ष उमेर समूहका युवाहरु सिङ्गापुर र बेलायती सेनामा भर्ती हुनका लागि योग्य हुने भए पनि तालिममा भने १६ वर्षपछिनै प्रवेश गर्न सकिने केन्द्रका कोषाध्यक्ष पूर्णबहादुर रानाले बताउनुभयो । राना सिङ्गापुर पुलिसबाट अवकासप्राप्त व्यक्ति हुनुहुन्छ । अहिले काठेखोला गाउँपालिका-८ लेखानी स्थायी घर भएका पूर्णबहादुर श्रेष्ठ केन्द्रमा प्रशिक्षकका रुपमा खट्नुभएको छ ।

# 'पोखरा-छन्दु' को पहिलो व्यावसायिक चार्टर उडान

**वासुदेव पौडेल**
काठमाडौं, ६ चैत/रासस



पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट पहिलोपटक मित्रराष्ट्र चीनको सिचुवान प्रान्तको छन्दुमा व्यावसायिक चार्टर उडान भएको छ । विमानस्थल उद्घाटनको दुई वर्षपछि मङ्गलबार पोखराबाट चीनको सिचुवान प्रान्तको छन्दुमा पहिलो व्यावसायिक चार्टर उडान गरिएको हो ।

पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट अन्तरराष्ट्रिय उडानका लागि गरिएको निरन्तर प्रयासपछि निजी क्षेत्रका पर्यटन व्यवसायीको पहल एवं पोखरा पर्यटन परिषद्को नेतृत्वमा पोखरा महानगरपालिका, नेपालस्थित चिनियाँ राजदूतावास, सिचुवान एयरलाइन्स र नेपालस्थित चाइनिज एसोसिएसनसँगको सहकार्यमा पहिलोपटक व्यावसायिक चार्टर उडान गरिएको हो । पहिलोपटक भएको अन्तरराष्ट्रिय उडानको प्रत्यक्ष साक्षी बन्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने, पोखरा भ्रमण वर्ष-२०२५ का कार्यसम्पादन समितिका संयोजक गोपिबहादुर भट्टराईलगायत एक सय २६ सदस्यीय पर्यटन व्यवसायी एवं सञ्चारकर्मीको टोली छन्दु आई पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रम अघि बढाएको छ । महानगर प्रमुखसहितको पोखरेली टोलीलाई छन्दु विमानस्थलमा चीनका लागि नेपाली महावाणिज्यदूत सुरेश राउत, सिचुवान प्रदेशका उच्चपदस्थ अधिकारी, सिचुवान एयरलायन्सका प्रतिनिधिलगायतले भव्य स्वागत गर्नुभएको थियो ।

उक्त अवसरमा महानगरप्रमुख आचार्यले २०२३ को जनवरी १ मा उद्घाटन भएको पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट उद्घाटनको दुई वर्षसम्म पनि अन्तरराष्ट्रिय उडान हुन नसकेको अवस्थामा महानगरपालिका, पोखरा पर्यटन परिषद्सहितको निरन्तरको प्रयासबाट पहिलो व्यावसायिक चार्टर उडान गरिएको बताउनुभयो ।

पोखराको पर्यटकीय विकास सम्बन्धमा चिनियाँ राजदूतावासबाट पनि दुई देशका पर्यटन व्यवसायीबीच 'बिटुवी' गर्ने सम्बन्धमा छलफल भएको उल्लेख गर्दै उहाँले यसै अभियानमा पनि बिटुवीलगायतका कार्यक्रम गर्न लागिएको जानकारी दिनुभयो ।

छन्दुबाट एक हजार दुई सय ५० पर्यटक विभिन्न उडानमार्फत पोखरा जाने तय भएको जानकारी दिँदै महानगरप्रमुख आचार्यले त्यहाँबाट पनि पर्यटक पठाउने कार्यमा लागने बताउनुभयो ।

# बेनीघाट-आरुघाट लार्के सडक : ४२ किलोमिटर मार्ग खुल्यो

**पोखरापत्र संवाददाता**
गोरखा, ६ चैत

जिल्लालाई चीनको तिब्बतसँग जोड्ने उद्देश्यले नेपाली सेनाले निर्माण गरिरहेको बेनीघाट-आरुघाट लार्के सडकको हालसम्म ४२ किलोमिटर मा ट्र्याक (मार्ग) खुलेको छ । छत्तीस किलोमिटरमा सवारीसाधन चल्न थालेको छन् ।

नेपाली सेनाको सडक निर्माण कार्यदलका सेनानी पूर्णचन्द्र ढकालका अनुसार, नेपाली सेनाले मार्ग खुलाएको ४२ किलोमिटरमध्ये३६किलोमिटरसम्म मोटर चल्न थालेको छ । चुमनुब्री गाउँपालिका-३ पेवासम्म मार्ग खनिएको छ । पाडसिङसम्म मोटर पुगेको छ । मार्ग खनेपछि बाटो सफा नगरेकाले बाँकी सात किलोमिटर खण्डमा गाडी चलाउन नसकिएको उहाँले बताउनुभयो । बेनीघाट, आरुघाट, लार्के सडकको एक सय ५४ किलोमिटरमध्ये हावाडाँडाबाट ९२ किलोमिटर सडकको काम नेपाली सेनाले गरेको हो । ठूला पहरा र कडा चट्टान भएकाले विस्फोटनको काम गर्न सडक विभागले सो खण्डको काम गर्ने जिम्मा सेनालाई दिएको हो । चीनको सीमा लार्के भन्ज्याङसम्मको एक सय ५४ किलोमिटर खण्डमध्ये बेनीघाटबाट हावाडाँडासम्मको ६२ किलोमिटरसम्मको काम भने गोरखा सडक योजना कार्यालयले गरेको हो । सेनाले मार्ग खोलेर गाडी चल्न सक्ने बनाएको दोभानसम्मको खण्ड पनि गोरखा सडक योजना कार्यालयलाई हस्तान्तरण गरेको छ । सडक योजना कार्यालय र सेनाले निर्माण गरेको गरी जम्मा ९७ किमी खण्डमा सवारीसाधन चल्न थालेका छन् । बर्खाका बेला पनि सवारीसाधन आवागमन गर्न सजिलोका लागि नेपाली सेनाले माछीखोलामा बेलीब्रिज निर्माण गरेको सेनानी ढकालले जानकारी दिनुभयो । उहाँका अनुसार यो आर्थिक वर्ष दुई किलोमिटर ट्र्याक खन्नका लागि नेपाल सरकारबाट रु सात करोड विनियोजन भएको छ । विनियोजित बजेटअन्तर्गत गर्नुपर्ने काम लगभग सकिएको उहाँले बताउनुभयो । "दुई किलोमिटर ट्र्याक खन्ने काम अन्तिम चरणमा छ, यही चैतभित्र सकिन्छ", सेनानी ढकालले भन्नुभयो, "यो वर्ष ट्र्याक खन्न रु सात करोड आएको थियो । त्यो बजेटले गर्नुपर्ने काम लगभग गरिसक्यौं ।" यो वर्ष पाडसिङ भिर, न्याक फेदी, रुविनाला र पेवा भिर गरी चार खण्डमा ब्लाष्टिङ गरी ट्र्याक खोल्ने काम गरेको उहाँले बताउनुभयो । बेनीघाटबाट आरुघाट हुँदै आर्खेतसम्म सडक निर्माणको काम २०५२ सालमा सुरु भएको थियो । आर्थिक वर्ष २०६३/६४ मा बेनीघाट आरुघाट लार्केभञ्ज्याङ सडक नामकरण गरिएको थियो । आव २०६६/६७ मा मात्र उक्त सडक निर्माण सुरु भएको थियो । तर हावाडाँडाबाट एक किलोमिटर क्षेत्र कडा चटानयुक्त भिर रहेकाले पाँच वर्षसम्म ट्र्याक खोल्ने काम अगाडि बढ्न सकेन । कठिन मानिएको ९२ किमी खण्डको काम गर्न सडक विभागले २०७४वैशाखमा नेपाली सेनालाई हस्तान्तरण गरेको हो । विसं २०७३ मङ्सिरमा मन्त्रिपरिषद् बैठकबाट निर्णय भएपछि नेपाली सेनाले २०७४ वैशाखदेखि काम सुरु गरेको थियो । उक्त सडक धार्चे गाउँपालिकाको लापुबेँसी, माछाखोला, जगत हुँदै चुमनुब्री गाउँपालिकाको सिर्दिबास, बिही, प्रोक, सामागाउँ, साम्दो हुँदै चीनको सीमा लार्केभञ्ज्याङ जोडिने छ । उक्त सडकलाई उत्तरी गोरखाको लाइफ लाइनका रुपमा हेरिएको छ ।

# 'ग्रेट हिमालयन ट्रेल' पदयात्रामा लागेका १२ जना महिलाको सुरक्षाको निम्ति सरकारसँग माग

**रासस**
काठमाडौं, ६ चैत

राष्ट्रियसभाका सांसद वामदेव गौतमले यही चैत ३ गते 'ग्रेट हिमालयन ट्रेल' को सयदिने पदयात्रामा लागेका १२ जना महिलाको सुरक्षामा कुनै अभाव हुन नदिन सरकारसँग माग गर्नुभएको छ । १२ महिला र एक पुरूष सम्मिलित टोलीले विश्वकै सबैभन्दा लामो तथा चुनौतीपूर्ण पदमार्गमध्ये नेपालको ग्रेट हिमालयन ट्रेल (जिएचटी) को सयदिने पदयात्रा सोमबारदेखि सुरू गरेको छन् ।

विश्वभरका पर्यटक तथा व्यवसायीमाझ ग्रेट हिमालयन ट्रेल (जिएचटी) लाई चिनाउन १२ नेपाली महिला र एक पुरूष सम्मिलित टोलीले पदयात्राको अभियान सुरू गरेका हुन् । कोशी प्रदेशको ताप्लेजुङको सदरमुकाम फुङ्लिङदेखि कञ्चनजङ्घा हिमालको आधार शिविर घुन्सा हुँदै सुदूरपश्चिम प्रदेशको दार्चुलामा पुगेर एक सय दिनमा यो अभियान टुङ्गिने गरी सुरूआत गरिएको हो । सत्र वटा हिमाली जिल्लाको फेदैफेद करिब एक हजार सात सय किलोमिटर लामो पैदलयात्राको नेतृत्व सिन्धुपाल्चोककी आरोही माया गुरुङले गर्नुभयो । उहाँको नेतृत्वमा सिन्धुपाल्चोककै ११ महिला र दाङका एक पुरूष रहेका छन् ।

"नेपाल प्राकृतिक रूपमा नै सुन्दरताले भरिपूर्ण देश हो, यस्तो प्राकृतिक विविधता विश्वका विरलै देशमा पाउँछ, नेपालको प्राकृतिक विविधतालाई विश्वसामु चिनाउने एक सशक्त माध्यम पर्यटन क्षेत्र हो, नागरिकस्तरबाट नेपाली महिलाले नेपालका १७ हिमाली जिल्लामा फैलिएको ग्रेड हिमालयन ट्रेलको पदयात्रा अत्यन्त सराहनीय काम हो", सांसद गौतमले भन्नुभयो ।

साहसिक पदयात्रामा सिन्धुपाल्चोकका सरस्वती तामाङ, सङ्गीता तामाङ, वर्षा विक, सङ्गीता विश्वकर्मा, अनिशा श्रेष्ठ, रञ्जिता लामा, शान्ति थिङ तामाङ, सृष्टी तामाङ, मनमाया तामाङ, दिपा लामिछाने र प्रमिता सापकोटा रहनुभएको छ । यस्तै, यही टोलीमा दाङका ६५ वर्षीय पुरूष सुन्दरकुमार चौधरीसमेत रहनुभएको छ । टोलीमा सहयोगीका रूपमा अन्य ११ जना पुरूषसमेत गरी २४ जनाको समूह रहेको छ । उहाँले भन्नुभयो, "पदयात्रामा रहेका महिलाले नागरिकस्तरबाटै आफ्नो खर्च व्यवस्थापन गर्नुपरेको सुनाउँदा सरकार उदासिन देखिएको हो कि भन्ने लागेको छ, पर्यटन क्षेत्रबाटै नेपाललाई चिनाउने उद्देश्यले आफ्नै खर्च र व्यवस्थापनको जिम्मा सरकारले दिनुपर्ने थियो, यो यात्रामा निस्केका महिलाको सुरक्षामा कुनै अभाव हुन नदिन सरकारले व्यवस्था गर्नुपर्छ ।" सांसद पूजा चौधरीले नीतिनिर्माण तहमा महिलाको समान सहभागिताका लागि संवैधानिक व्यवस्था गनुपर्ने माग गर्नुभयो । खर्चिलो निर्वाचन प्रणाली भएका कारण महिलाले प्रत्यक्ष निर्वाचनमा भाग लिन नसकेको उहाँको भनाइ छ ।


**लपोत कार्यालय कास्की बाट प्रकाशित भएको**
**३५ दिने सार्वजनिक**

*सूचना प्रकाशित मिति २०८१/१२/०६ गते*

कास्की जिल्ला मौजे पौदी १९९६ सालको नम्बरी ३ नं का जि.मु. धनकाजी गुरुङ्ग जिम्माको १९९६ सालको दर्ता २०३३ साल सम्मको तिरो तिरेको भू.सु. ७ नं. फाराममा लगत दिएको सर्भे नापीमा पुम्दीभुम्दी वडा नं. ६, कि.नं. २७, २८१, २९०, २९५, ६०८ क्षे.फ. क्रमशः २-१-१-१, ०-३-३-२, ०-३-२-२, १-९-३-१, ०-११-२-० फिल्डबुकमा अमर सिं कामीका नाउँमा कायम भएको अमर सीं कामीको मिति २०३३।१०।०३ मा मृत्यु भएको निजको नजिकको हकदार एक मात्र श्रीमती पूर्ण कुमारी कामी रहेकोले उक्त जग्गा छुट जग्गा दर्ता नामसारी गरिपाउँ भनी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २२ बस्ने पुर्ण कुमारी कामीले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिलः

| जिल्ला | गा.वि.स/ न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | पुम्दीभुम्दी | ६ | २७ | २-१-१-१ | मकै | दोयम | अमर सिं कामी |
| कास्की | पुम्दीभुम्दी | ६ | २८१ | ०-३-३-२ | | | |
| कास्की | पुम्दीभुम्दी | ६ | २९० | ०-३-२-२ | | | |
| कास्की | पुम्दीभुम्दी | ६ | २९५ | १-९-३-१ | | | |
| कास्की | पुम्दीभुम्दी | ६ | ६०८ | ०-११-२-० | | | |



**नागरीक पारदर्शिताको लागि सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं. १७ जनजागरण मार्गमा कजवे तथा अधुरो बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरीक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : जनजागरण सम्मको कजवे तथा अधुरो बाटो निर्माण
उपभोक्ता समितिको नाम : जनजागरण सम्मको कजवे तथा अधुरो बाटो निर्माण उपभोक्ता समिति, पोखरा-१७, कास्की
योजना सम्झौता मिति : २०८१/१०/२७
योजना सुरु मिति : २०८१/१०/२८
योजना सम्पन्न हुने मिति : २०८१/११/३०
महानगरपालिका बाट प्राप्त : ८,००,०००/-
जनसहभागिता : १,४३,८८७/६७
कुल लागत : ९,४३,८८७/६७

**मोती प्रसाद पौडेल**
अध्यक्ष
*जनजागरण सम्मको कजवे तथा अधुरो बाटो निर्माण उपभोक्ता समिति,*
पोखरा-१७, कास्की



**धितोमा रहेको घर जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मितिः २०८१ चैत्र ०७ गते बिहीबार**

यस टक्सार बचत तथा ऋण सहकारी संस्था लि. व्यापारिक कर्जा शिर्षक अर्न्तरगत कर्जा उपयोग गर्नुहुने शेयर सदस्य तपाई श्री बिमल गुरुङले उक्त कर्जाको मासिक रुपमा बुझाउनु पर्ने किस्ता, ब्याज र अन्य दस्तुर समेतको रकम कर्जा भुक्तानी तालिका बमोजिम नबुझाई उक्त कर्जाको भाखा समेत नघाई ऋण लिँदाको समयमा संस्थासँग भएको शर्त कबुलियतनामाको उल्लङ्घन गर्नु भएको तथा यस संस्थाको तर्फवाट ऋणको साँवा, व्याज लगायतका अन्य दस्तुर भुक्तानी गर्न पटक पटक मौखिक, लिखित तथा पत्रिकामा लिखित रुपमा सूचना दिई ताकेता गर्दा समेत यहाँले तिनुपर्ने साँवा, व्याज, विलम्ब शुल्क र अन्य दस्तुर भुक्तानी गर्न नआई कुनै चासो नदेखाई आलटाल गर्नु भएको र मिति २०७८/०५/०१ गतेमा धितो दिएको कास्की जिल्ला पोखरा म.न.पा-१७, महतगौडामा रहेको कि.न.२३७ को क्षेत्रफल ९६.०० वर्ग मिटर जग्गा र त्यसमा बनेको घर सहित धितो लिलाम गरि मैले लिएको ऋणको लेना रकम असुल उपर गरेमा मञ्जुरी छ भनी मञ्जुरीनामा कागजमा सहीछाप गरि लिलामीको निम्ती मञ्जुरी दिएको हुँदा यो धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने अर्थात मिति २०८२/०१/१० गते सम्ममा इच्छुक व्यक्ति वा संस्थाले यस संस्थामा सर्म्पक गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु निम्न बमोजिम रहेका छन् :**

१. सिलवन्दी वोलपत्र (सिलवन्दी टेन्डर) फाराम रु १,०००।- (अक्षरुपी एक हजार रुपैया मात्र) तिरी टक्सार बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-१७, विरौटा कार्यालयवाट प्राप्त गर्न सकिने छ ।
२. टेन्डर वुझाउँदा सिलवन्दी टेन्डरको वाहिरी खाममा घर जग्गा खरिद वारेमा भनि लेखिएको हुनु पर्नेछ ।
३. रित नपुगेको, तोकिएको मिति र समय भित्र आई नपुगेको टेन्डर उपर कुनै कारवाही गरिने छैन ।
४. मिति २०८२/०१/१० गतेका दिनको ४:०० वजे टक्सार बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा-१७, विरौटा कार्यालयमा टेन्डर दिने व्यक्ति वा निजका प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएता पनि उपस्थित भएसम्मका व्यक्तिहरुको रोहवरमा प्राप्त भएका टेन्डरहरु खोलिने छ । उक्त दिन विदा परेमा विदाको लगतै कार्यलय खुलेको दिन टेन्डरहरु खोलिने छ ।
५. टेन्डरसाथ आफुले खरिद गर्न चाहेको मोलको न्युनतम १० प्रतिशत रकम यस संस्थाको गरिमा विकास बैंक लिमिटेड बैकको खाता नं. ००८००१००५७४५१२०००००३ मा नगद दाखिला गरि सो को सक्कल भौचर रसिद टेन्डरसाथ राखेको हुनुपर्नेछ ।
६. टेन्डर स्वीकृत भएपछि बाँकी रकम ३० दिनभित्र दाखिल गरिसक्नु पर्नेछ । अन्यथा धरौटी जफत भई उक्त जग्गा पुनः बिक्री गर्न सकिने छ ।
७. घर जग्गाको न्युनतम मूल्य रु ६१,८४,०००।- (अक्षरुपीः एकसट्ठी लाख चौरासी हजार रुपैया मात्र) तोकिएको छ ।
८. आफुले घर जग्गा खरिद गर्न सक्ने मोल अंक र अक्षर दुवैमा स्पष्टसँग लेखिएको हुनुपर्नेछ ।
९. सिल टेन्डर गोप्य खाममा लाहा छाप लगाई पेश गर्नुपर्नेछ ।
१०. सिल टेन्डर दिने व्यक्तिले नागरिकताको प्रतिलिपी र संगठित संस्था भए संस्था दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ । साथै संस्थाको हकमा कम्पनीको छाप अख्तियारीनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत अनिवार्य रुपमा हुनुपर्नेछ ।

**टक्सार बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा-१७, विरौटा फोन नं.: ०६१-४५११३०**